# क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल

## Revolutionary Communist Party of Nepal

केन्द्रीय समिति

Central Committee

पत्र संख्या/Serial No.

चलानी नं./Regd. No.

मिति : ....................................

## प्रेस वक्तव्य

अमेरिकी साम्राज्यवादको नाइके डोनाल्ड ट्रम्पले भेनेज्वेलामाथि सैन्य आक्रमण गरी त्यहाँका राष्ट्रपति निकोलास मदुरो र उनकी श्रीमतिलाई अमेरिका ल्याएर मुद्दा चलाउने र भेनेज्वेलामा अर्को व्यवस्था नहोउन्जेल त्यहाँको सत्ता अमेरिकाले संचालन गर्ने घोषणा गरेका छन् । साथै, भेनेज्वेलाका सरकारी कर्मचारीहरुले मदुरोको पक्ष लिए भने तिनीहरुमाथि धेरै नराम्रो हुनेछ भन्ने धम्की समेत दिएका छन् । एउटा सार्वभौम तथा स्वाधीन देशमाथि गरिएको सैन्य अतिक्रमण, त्यहाँका राष्ट्रपति तथा उनकी श्रीमतिलाई गरिएको गिरफ्तारी र मदुरोको पक्षमा कोही बोल्यो भने धेरै नराम्रो हुनेछ भनी दिएको धम्की ट्रम्पको चरम फासीवादी कदम, दादागिरी, अन्तर्राष्ट्रिय कानुनको गंभीर उल्लङ्घन र अमेरिकी राज्य आतङ्कको पराकाष्ठा हो । हाम्रो पार्टी ट्रम्पको यस कदमको घोर निन्दा तथा विरोध गर्दछ, गिरफ्तार राष्ट्रपति तथा उनकी श्रीमतिको अविलम्ब एवम् सकुशल रिहाइको माग गर्दछ र राष्ट्रिय स्वाधीनताको रक्षाका लागि लडिरहेका भेनेज्वेलाका देशभक्त जनताको सङ्घर्षमा दरिलो ऐक्यबद्धता जाहेर गर्दछ ।

मिति : पुष २०, २०८२

गौरव

गौरव

महासचिव